# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

# प्रेस-नोट

२९ साउन, २०७७

## कोभिड-१९ महामारीको चपेटामा नेपाली आप्रवासी श्रमिकहरूको मानव अधिकार विषयक अध्ययन प्रतिवेदन सार्वजनिक

## नेपाली आप्रवासी श्रमिकहरूको अधिकार सुनिश्चितताका लागि आयोगको सिफारिस

कोभिड-१९ महामारीको चपेटामा नेपाली आप्रवासी श्रमिकहरूको मानव अधिकार सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएको अध्ययन प्रतिवेदन आज आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले सार्वजनिक गर्नुभएको छ ।

सो क्रममा उहाँले आयोगले कोभिड-१९ को शुरुवात भएको अवस्थादेखि नै चीनको वुहानमा रहेका नेपाली विद्यार्थीहरूको उद्धारका लागि पहल गरेको बताउँदै आयोगले यस महामारीको अवस्थामा विषयगत तथा समग्र मानव अधिकारको अवस्था गरी दुई प्रक्रियाबाट अनुगमन गरेको जानकारी गराउनुभयो । बन्दाबन्दीको समयमा आत्महत्याका घटनाहरूमा वृद्धि भएको बताउँदै यस विषयमा अध्ययन तथा विश्लेषणको आवश्यकता रहेको धारणा राख्नुभयो । साथै उहाँले लेबनानमा रहेका नेपाली आप्रवासी श्रमिकहरूको अवस्थाको अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको बताउँदै आयोगले अध्ययन गर्ने भनाई राख्नुभयो । आयोगका माननीय सदस्य सुदिप पाठकको नेतृत्वमा विभिन्न आप्रवासी श्रमिक विज्ञ, आयोगका कर्मचारीहरूको टोलीले अध्ययन गरी उक्त प्रतिवेदन तयार गरेको थियो ।

कार्यक्रममा आयोगका माननीय सदस्य सुदिप पाठक, परराष्ट्र मन्त्रालयका सहसचिव हरिशचन्द्र घिमिरे, श्रमसँग सम्बन्धित राष्ट्रिय सञ्जाल तथा संस्थाका प्रतिनिधिले मन्तव्य राख्नुभएको थियो । अध्ययनबाट प्राप्त तथ्यहरूको आधारमा आयोगबाट नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गरिएको सिफारिस यसैसाथ संलग्न गरिएको छ ।

वेद भट्टराई

सचिव/प्रवक्ता

उपर्युक्त सम्बन्धमा कोभिड-१९ महामारीको चपेटामा नेपाली आप्रवासी श्रमिकहरूको अधिकारको सम्बन्धमा आयोगले अध्ययन (Research) बाट प्राप्त तथ्यहरुको आधारमा आयोगको २०७७ श्रावण २६ गतेको निर्णयानुसार तपसिल बमोजिमको सिफारिसहरु कार्यान्वयनको लागि पठाइएको ब्यहोरा अनुरोध छ ।

## तपसिल

### १. जीवन र स्वास्थ्य अधिकारको संरक्षण

**(क) गन्तव्य देशमा**

- कोरोना संक्रमित, कोभिड-१९ परीक्षण हुन नसकेका, उपचार नपाएका/नभएका अभिलेखवद्ध/अनभिलेखवद्ध आप्रवासी नेपाली श्रमिकहरूको नेपाल सरकारले अविलम्ब विवरण संकलन गरी विभेद रहीत तवरबाट निःशुल्क तथा आवश्यकतानुसार उच्चतमस्तरको स्वास्थ्य उपचारको व्यवस्था गर्ने;
- हाल विभिन्न गन्तव्य देशमा रहेका नेपाली श्रमिकहरूलाई कोभिड-१९ संक्रमणबाट संरक्षण गर्न सम्बन्धित गन्तव्य देशका सरकार र रोजगारदातालाई जिम्मेवार बनाउन प्रभावकारी कुटनीति पहल गर्ने;
- आवश्यकतानुसार कुटनीतिक पहल समेत गरी नेपाल फर्किने नेपाली श्रमिकहरूको पीसीआर जाँच गरेर मात्र स्वदेश फर्कने व्यवस्था गर्ने सुनिश्चित गर्ने;
- कोभिड-१९ वाहेक अन्य स्वास्थ्य समस्या भएका श्रमिकहरूको उचित हेरचाह, परीक्षण र उपचार लगायतका स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि प्रभावकारी कदम चाल्ने ।

**(ख) नेपालमा**

- नेपाल प्रवेश गरेपछि विमानस्थलमा, विमानस्थलबाट होल्डींग सेन्टरसम्म र त्यहाँबाट स्थानीय क्वारेन्टाइसम्म पुऱ्याउने सवारी साधनमा तोकिएको मापदण्ड अनुसारको भौतिक दुरी कायम गरिने सुनिश्चित गर्ने,
- स्वदेश फर्किएकाहरूलाई अनिवार्य रुपमा १४ दिन क्वारेन्टाइनमा राखी तत्पश्चात पीसीआर परीक्षण गरी सो को रिपोर्ट नेगेटिभ आएपछि मात्र घर पठाउने व्यवस्था गर्ने ।
- क्वारेन्टाइन तथा आइसोलेसन सेन्टरहरू सरकारले तोकेको मापदण्ड बमोजिमको हुने सुनिश्चित गर्ने र तिनमा महिला, गर्भवती, सुत्केरी र विशेष स्वास्थ्य अवस्था भएकाहरुका लागि विशेष सुविधा उपलब्ध गराउने;
- स्वदेश फर्केका श्रमिकहरूलाई आवश्यक मनोसामाजिक स्वास्थ्य सेवा र मनोविमर्शको व्यवस्था गर्ने

### २. श्रम अधिकार र हकहीतको संरक्षण

- गन्तव्य देशमा एकतर्फी करार भङ्ग गर्ने, बेतलबी बिदामा बस्न बाध्य पार्ने, कामबाट निष्कासन गर्ने, पूरा तलव/सुविधा र भुक्तानी नदिने, जबर्जस्ती श्रम, मापदण्ड भन्दा अधिक समय वा जोखिमयुक्त अवस्थामा काम गराउने जस्ता श्रम अधिकार हननबाट नेपाली श्रमिकहरूलाई संरक्षण गर्न तत्काल आवश्यक एवं प्रभावकारी कदम चाल्ने;
- गन्तव्य देशमा कोरोना संक्रमित लगायत अन्य कारणले रोजगारी गुमाएका नेपाली श्रमिकहरूले स्वेच्छाले रोजगारीलाई निरन्तरता दिन चाहेमा उनीहरूको स्वास्थ्य र श्रम अधिकारका मामलामा कुनै जोखिम नहुने गरी सो को लागि आवश्यक सहजीकरण गर्ने;

**३. उद्धार तथा स्वदेश फिर्ती**

- स्वदेश फर्कन पर्ने/चाहनेहरूमध्ये विशेष अवस्था र जोखिममा रहेकाहरूलाई वस्तुगत आधारमा प्राथमिकता निर्धारण गर्ने । उनीहरूलाई तत्काल नेपाल फर्कने व्यवस्था मिलाउने र यस विषयमा सर्वोच्च अदालतले दिएको आदेशहरूको कार्यान्वयन गर्ने;
- बेखर्ची, रोजगारदाताले हवाई टिक उपलब्ध नगराएका र अनभिलेखवद्ध आप्रवासी नेपाली श्रमिकहरूलाई अन्तर्राष्ट्रिय हवाई भाडा, यातायात तथा खाना खर्च र यात्राका क्रममा आवश्यक खानेपानी, खाना, आवास (दुई वा सो भन्दा बढी दिन लाग्ने अवस्थामा) आदिको व्यवस्था गर्ने;
- करार अवधि बाँकी नै रहेको तर आफूलाई संक्रमण वा अन्य ज्यादतीको जोखिम हुने/भएको ठानी करार भङ्ग गरी स्वदेश फर्कन चाहनेहरूको उक्त अधिकार संरक्षण गर्ने;
- भारतमा अलपत्र परेका नेपाली श्रमिकहरूको स्वदेश फिर्तीको लागि आवश्यक नीति र योजना तयार गरी अविलम्ब उनीहरूको स्वदेश फिर्तीको व्यवस्था मिलाउने र यस कार्यमा सर्वोच्च अदालतको आदेश तथा विभिन्न संसदीय समितिको निर्देशनहरूको पालना गर्ने;
- गन्तव्य देशमा मृत्यु भएका नेपाली श्रमिकहरूको शवको अन्त्यष्टि त्यहीँ नगरी मृतकका परिवारको इच्छा अनुसार शवहरू सम्मानपूर्वक नेपाल ल्याई उनीहरूको रीतिरिवाज अनुसार अन्त्यष्टि तथा मृत्यु संस्कार गर्न पाउने अधिकारको सम्मान, संरक्षण र परिपालना गर्ने । साथै यस सम्बन्धमा सर्वोच्च अदालतका विगतका आदेशहरू कार्यान्वयन गर्ने ।

**४. न्यायमा पहुँच र क्षतिपूर्ति**

- मानव अधिकार र श्रम अधिकार हननमा पारिएका नेपाली आप्रवासी श्रमिकहरूको विवरण र प्रमाणहरू संकलन र दस्तावेजीकरण गरी न्यायमा पहुँचको लागि सहजीकरण गर्ने र यस कार्यमा आवश्यकतानुसार गन्तव्य देशका निकाय एवं रोजगारदाताहरूलाई जिम्मेवार बनाउने;
- गन्तव्य देशमा तलव तथा पाउनु पर्ने भुक्तानी नपाएका, रोजगारीबाट निष्काशन गरिइएका, बेतलवी बिदामा पठाइएका र स्वदेश फिर्तीको हवाई टिकट नदिइएका लगायतका मानव अधिकार तथा श्रम अधिकार हननमा पारिइएका नेपाली श्रमिकहको न्यायमा पहुँच तथा

क्षतिपूर्तिको सुनिश्चितता गर्न गन्तव्य देशका सरकार, रोजगारदाता र नेपालस्थित श्रमिक भर्ना गर्ने नीजि संस्थाहरूलाई जिम्मेवार बनाउने। यसका लागि आवश्यकतानुसार उच्चस्तरीय राजनीतिक तथा कुटनीतिक पहल गर्ने;

- विदेशमा रोजगारी र आम्दानी गुमाई स्वदेश फर्किनु परेका तर गन्तव्य देशको रोजगारदाता वा सरकारले क्षतिपूर्ति उपलब्ध नगराएका वा त्यस्तो क्षतिपूर्ति नपाउने नेपाली श्रमीकहरूको हकमा निश्चित मापदण्ड बनाई उचित क्षतिपूर्तिको व्यवस्था गर्ने;
- मानव अधिकार र श्रम अधिकार हनन्मा पारिएका तर स्वदेश फिर्तीको लागि हवाई टिकट लगायतको खर्च आफैंले व्यहोर्नु परेका आप्रवासी नेपाली श्रमिकहरूको सो खर्च सोधभर्ना दिलाउने व्यवस्था गर्ने ।

**५. महिला तथा विशेष जोखिममा रहेका आप्रवासी श्रमिकहरूको संरक्षण**

- अनौपचारिक तवरले विदेश गएका/लगिएका, गर्भवती, सुत्केरी, घरेलु श्रमिक लगायतका विशेष अवस्थाका महिला श्रमिकहरूलाई उनीहरूको संवेदनशीलताको आधारमा विशेष संरक्षण सुनिश्चित गर्ने;
- अनभिलेखवद्ध, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, विशेष स्वास्थ्य अवस्था भएका जस्ता विशेष समस्यामा रहेका नेपाली आप्रासी श्रमिक र तिनका परिवारहरूको पहिचान गरी उनीहरूको जोखिमता र आवश्यकताहरूका आधारमा विशेष संरक्षणको व्यवस्था मिलाउने;
- स्वदेश फर्की आफ्नो परिवार तथा समुदायमा पुनर्मिलन हुन समस्या भएका/हुनसक्ने श्रमिकहरू, विशेषतः महिलाहरू, को लागि विभिन्न उनीहरूको आवश्यकता र समस्याहरूको विश्लेषण गरी त्यस्ता समस्या र आवश्यकताहरूको सम्बोधन गर्ने ।

**६. विवरण तथा तथ्यांक संकलन, व्यवस्थापन र प्रयोग**

- नेपालबाट वैदेशिक रोजगारीमा गएका र फर्की आएका नेपाली श्रमिकहरूको एकीकृत र खण्डीकृत (Disaggregated) विवरण र अभिलेखको व्यवस्थापना गरी हालको जस्तो संकटको अवस्थामा तिनको प्रयोग गरी तथ्यगत विश्लेषणको आधारमा कुनै पनि वखत आवश्यक प्रतिकार्य, संरक्षण, उद्धार, पुनस्थार्पना र (पुनः) एकीकरणजस्ता नीति तथा कार्यक्रम तर्जुमा गर्न पूर्व तयारीको सुनिश्चितता गर्ने;
- गन्तव्य देशमा कोरोना संक्रमित र मृत्यु भएका, कोभिड-१९ को प्रभावका कारण रोजगारी र आम्दानी गुमाउन पुगेका तथा अन्य आर्थिक, मानोसामाजिक र सामाजिक समस्यामा रहेका नेपाली श्रमिकहरूको विस्तृत विवरण संकलन गर्ने;
- कोभिड-१९ महाव्याधिको प्रभावका कारण गन्तव्य देशको श्रम बजारमा पर्ने प्रभाव र परिवर्तनहरूको नियमित रुपमा अध्ययन गरी सरकारका नीति तथा कार्यक्रमहरूलाई तदनुरुप निर्दिष्ट गर्ने । साथै प्रभावित नेपाली श्रमिकहरूको रोजगारी, जीवीकोपार्जन र सीप तथा (

मनो) सामाजिक पूँजी लगायतका आर्थिक तथा सामाजिक प्रभाव एवं आवश्यकताहरूको अध्ययन गरी तथ्यपरक नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न ।

**७. सूचनाको अधिकार**

- विदेशमा रहेका नेपाली श्रमिक र तिनका परिवारलाई हालको जस्तो संकट वा अन्य अवस्थामा समेत उनीहरूका सरोकार र आवश्यकताका विषयमा समयमै पर्याप्त सूचना तथा जानकारीहरू प्रवाह गर्ने सुनिश्चित गर्ने;
- विदेशमा कोरोना संक्रमित भएका श्रमिकका परिवारका सदस्यलाई तत्काल सो सम्बन्धी जानकारी गराउने र नीजको स्वास्थ्य अवस्थाका बारेमा नियमित रुपमा जानकारी दिने;
- गन्तव्य देशमा मृत्यु भई शव नेपाल ल्याउन सम्भव नभई त्यहीँ अन्त्यष्टि गर्नु परेका नेपाली श्रमिकहरूको परिवारलाई अन्त्यष्टि बारेमा तत्काल जानकारी गराउने;
- कोभिड-१९ महाव्याधिका सन्दर्भमा गन्तव्य देश र नेपाल सरकारले अवलम्बन गरेका स्वास्थ्य, रोजगारी, आम्दानी, आममाफी, स्वदेश फिर्ती, क्वारेन्टाइन लगायतका नीति तथा कार्यक्रमहरूको बारेमा आप्रवासी श्रमिक र तिनका परिवारको समयमै र सहजताका साथ सूचना तथा जानकारी पाउने उनीहरूको अधिकार सुनिश्चित गर्ने;

**८. पुनर्स्थापना र (पुनः) एकीकरण**

- स्वदेश फर्किएका श्रमिकहरूप्रति हुन सक्ने हेलाँ, वहिष्करण, अपहेलना, विभेद र दुर्व्यवहार जस्ता व्यवहारबाट संरक्षण गर्न समुदायस्तरसम्मका निकायहरूलाई जिम्मेवार गराउने र त्यस्ता ज्यादतीमा परेकाहरूको कानुनी अधिकार सुनिश्चित गर्ने । त्यसका लागि व्यापक मात्रामा सचेतनाका अभियानहरू सञ्चालन गर्ने;
- विदेशबाट फर्किएर पारिवारिक पुनर्मिलनमा चुनौति व्यहोर्नेहरूका लागि उनीहरूको इच्छा अनुसार आवश्यक व्यवस्था र सहजीकरण गर्ने;
- वैदेशिक रोजगारीमा रहँदा विभिन्न मनोसामाजिक समस्यामा परेका नेपाली श्रमिकहरूलाई गन्तव्य देशमा र नेपालमा आवश्यक मनोसामाजिक परामर्शको व्यवस्था गर्ने;
- कोभिड-१९ को प्रभावका कारण रोजगारी र आम्दानी गुमाएका तथा ऋणको चंगुलमा परेका श्रमिक र तिनका परिवारको पहिचान गरी विशेष आर्थिक राहत तथा पुनर्स्थापनाका कार्यक्रमहरू तर्जुमा गरी त्यसमा उनीहरूको सहज पहुँच सुनिश्चित गर्ने;
- नेपाल फर्किएका श्रमिकहरूको सीप र दक्षताको आधारमा अविलम्ब (पुनः) एकीकरणका प्रभावकारी नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, जसको लागि स्थानीय, प्रदेश र संघीय सरकार एवं सम्बन्धित मन्त्रालयहरूकाबीच प्रभावकारी समन्वय गर्ने ।

**९. संयन्त्र, समन्वय तथा सहकार्य**

- कोभिड-१९ प्रभावित नेपाली आप्रवासी श्रमिकहरूको मानव अधिकार र श्रम अधिकार संरक्षण तथा पुनर्स्थापना र (पुनः) एकीकरण कार्यको लागि अन्तर मन्त्रालय समन्वयलाई थप प्रभावकारी एवं कार्यान्वयनमुखी बनाउने । यसका लागि सबै सरकारहरू (whole-of-government) र सबै समाजहरू (whole- of-society) को अवधारणाका आधारमा नीति तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन तथा अनुगमन कार्यमा आप्रवासी श्रमिक तथा तिनका परिवार लगायतका सम्बन्धित सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने;
- गन्तव्य देशस्थित नेपाली नियोगकहरूको प्रभावकारी कार्यसम्पादनका लागि पर्याप्त स्रोत साधन (प्राविधिक, आर्थिक र मानवस्रोत) को व्यवस्था गर्ने;
- कोभिड-१९ संकटको प्रतिकार्यमा गन्तव्य देशस्थित नेपाली नियोग, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सीसीएमसी लगायतका सरोकारवाला निकायहरूबीच प्रभावकारी सञ्चार र समन्वय गर्ने;
- मानव अधिकार र श्रम अधिकारको संरक्षण, न्यायमा पहुँच, पुनर्स्थापना र (पुनः) एकीकरण लगायतका विषयमा तथ्यपरक अध्ययनका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा र तिनको प्रभावकारी कार्यान्वयनका लागि एक वहुसरोकारवाला अधिकार सम्पन्न संयन्त्र निर्माण गर्ने ।